जि.प्र.का.द.नं. : २६३
पान नं. ३०५६३२६२१

सूचना तथा संचार मन्त्रालय इजाजत नं. : ७००-००१/७२
स.क.प.आ.नं. : ३४१७८

# यूथ मिडिया डेभलप्मेन्ट सेन्टर

## सामुदायिक रेडियो कृपालु ८८ मेगाहर्ज

(कृषि, पर्यटन र ऊर्जामा हाम्रो लगनशिलता)

मिति : २०७८/०३/३१

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
मल्लरानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान ।

मल्लरानी गाउँपालिका
खलंगा, प्यूठान
दर्ता नं. : ३२१३
मिति : २०७८।३।३१

**विषय : प्रतिवेदन पेश गरिएको ।**

महोदय,

प्रस्तुत विषयमा मल्लरानी गाउँपालिकाको आ.व. ०७७/०७८ को तेश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७८ असार ३० गते सम्पन्न गरि अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

श्री प्रशासन शाखा
दर्ता गरी पेश गर्ने छु
३।३१

विजयसिंह भारती
स्टेशन म्यानेजर
९८५७८३६०९९

सम्पर्क ठेगाना : मल्लरानी गाँऊपालिका-४ खलंगा, प्यूठान
फोन : ०८६४-२०००४, Email : radiokripalu@gmail.com, web : www.radiokripalu.com.np

Scanned with CamScanner

# मल्लरानी गाँऊपालिका प्यूठान समक्ष

# पेश गरिएको आ.व. २०७७/०७८ को तेश्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको

## प्रतिवेदन

प्रतिवेदन पेश गर्ने

यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, नेपाल

खलंगा प्यूठान

Scanned with CamScanner

१. सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :

आयोजक : मल्लरानी गाँउपालिका, प्यूठान

सहजिकरण : यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, नेपाल

संयोजन/सहजकर्ता : सुजल श्रेष्ठ

२. सुनुवाई गरिएका विषयवस्तुहरु :

क) गाँऊपालिकाले आ.व. ०७७/०७८ मा संचालन गरेका गतिविधिहरुको प्रगति प्रतिवेदन प्रस्तुत गरियो ।

ख) गाँऊपालिकाले बनाएका कानुन, नीति नियम, विकास योजना एवं गतिविधिहरुको बारेमा सुनुवाई गरी जिज्ञासा, सुझाव एवं गुनासो संकलन गरियो ।

ग) कार्यक्रम पुर्व संकलन गरिएको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत पत्रको प्रतिवेदन प्रस्तुत गरि गाँऊपालिका अध्यक्ष अमरध्वज राना र प्रमुख प्रशासकीय अधिकृत वालकृष्ण थापाबाट जवाफ तथा प्रतिवद्धता लिइयो ।

३. कार्यक्रम आयोजना स्थल :

जिल्ला समन्वय समितिको सभाहल खलंगा, प्यूठान

४. कार्यक्रम आयोजना गरिएको मिति र समय :

मिति : २०७८ असार ३० गते

दिउँसो ११:३० बजेदेखि १६ :०० बजेसम्म

५. कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :

चार घण्टा तीस मिनेट

यूथ मिडिया डेभलप्मेन्ट सेन्टर स्था.: २०६७ खलंगा, प्यूठान



Scanned with CamScanner

## ६. वर्हिरगमन अभिमत पत्रबाट :

बर्हिगमन अभिमत संकलनका क्रममा संकलन भएका सवालहरु :

| क्र.सं. | सवालहरु | जवाफदेहि व्यक्ति, कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १. | पटक पटक कार्यालय धाउनु परेको । ५दिन निरन्तर भयो कार्यालय आएको (जस्तापाताको (५०,०००) भुक्तानी लिन आएको) १ नं. वडा चुन्द्रीखोला (२० असार) | प्र.प्र.अ. | प्रक्रिया पुरा नभएकोले, वडाबाट प्रक्रिया पुऱ्याएर आउनुपर्ने | |
| २. | बाखापालन अनुदान कार्यक्रमको आवश्यक कागजातका बारेमा स्पष्ट जानकारी नहुँदा ३ दिन कार्यालय धाउनुपरेको । | प्र.प्र.अ. | प्रक्रिया पुरा नभएकोले, वडाबाट प्रक्रिया पुऱ्याएर आउनुपर्ने | |
| ३. | असारको अन्तिममा कार्यालय प्रमुख योजना अनुगमनमा व्यस्त हुँदा सेवाग्राही मर्कामा परेको । | प्र.प्र.अ. | अनुगमन गर्नै पर्नेहुन्छ । काम सम्पन्न हुनासाथ भुक्तानी लिन अनुरोध | |
| ४. | ३ नं. वडा कार्यालयमा इन्टरनेटको समस्या भन्दै सेवाप्रवाहमा ढिलासुस्ती भएको | प्र.प्र.अ. | समस्या छिट्टै समाधान गर्ने प्रतिवद्धता । | |
| ५. | पाईप वितरण पहुँचवालालाई मात्र भएको । | प्र.प्र.अ. | मागका आधारमा दिने गरिएको थियो, अहिले स्टमेटका आधारमा वितरण गरिन्छ । | |
| ६. | गणेश मन्दिर पार्क निर्माणलाई निरन्तरता दिनुपर्ने | प्र.प्र.अ. | आगामी वर्षहरुमा निरन्तरता दिने । | |
| ७. | योजनाको नाम वडा सिफारिसमा नमिल्दा झनझट भएको । ( जुकेजलुके खा.पा. गिरीचौर) | प्र.प्र.अ. | यस्ता समस्या सच्चाउने प्रतिवद्धता । | |
| ८. | कृषि अनुदानका कार्यक्रम वारे कृषकले सूचना प्राप्त गर्न नसकेको । | प्र.प्र.अ. | अधिकतम प्रयास गरिएको, सूचना टाँस, इन्टरनेट, सामाजिक सञ्जालको उपयोग गरिएको | |
| ९. | ठूला योजनाहरुमा उपभोक्ता समितिले किस्ता रकम पाउनुपर्ने । | प्र.प्र.अ. | दर्ता नभएका समितिलाई पेश्की दिन मिल्दैन । कानुनतः दर्तावाल संस्थालाई दिन सकिने । | |
| १०. | साना योजनाहरुको भुक्तानी वडा वाटै हुनुपर्ने । | प्र.प्र.अ. | प्रचलित कानुन अनुसार अधिकार छैन । | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११. | योजनाको काम अनुसारको रकम विनियोजन नहुँदा योजना अधुरै रहेको | प्र.प्र.अ. | बजेट अभावका कारण अर्को आ.व.मा थप बजेट विनियोजन गर्ने गरिएको | |
| १२. | साना योजना कार्यान्वयनमा ठूला योजना कै प्रकिया भएकोले झनझटिलो भएको । | प्र.प्र.अ. | नियमानुसार प्रक्रिया एउटै हो । | |
| १३. | मालपोत कर तिर्न आउँदा के के कागजात चाहिन्छ भन्ने जानकारी नहुँदा सास्ती व्यहोर्नुपरेको । | प्र.प्र.अ. | सहजिकरण गर्ने प्रतिवद्धता । | |
| १४. | पालिकाबाट हुने आर्थिक साहेताको प्रकिया बारे थाहा नभएको । | प्र.प्र.अ. | प्रकृतिका आधारमा न्युनतम पाँच हजार सिधै सहयोग र कार्यपालिका निर्णय अनुसार गर्ने गरिएको । | |
| १५. | बाख्रापालनका लागि इच्छुक रहेकोमा सहयोग प्राप्त गर्न नसकेको । ( जनप्रतिनिधिले आफ्ना र आफन्तलाई अनुदान कार्यक्रममा सहयोग गर्ने गरेको) | प्र.प्र.अ. | प्रक्रिया पुऱ्याएका सवैलाई सहयोग गरेको । केहि समस्या छन् सुधार गर्ने प्रतिवद्धता । | |
| १६. | पुर्वाधार निर्माण कार्यमा प्राविधिक कर्मचारीको सहयोग बढाउनुपर्ने । | प्र.प्र.अ. | सवै वडामा प्राविधिक छन् । सहयोग बढाउने प्रतिवद्धता । | |
| १७. | वडा कार्यालयहरुमा प्रयाप्त कर्मचारी व्यवस्थान हुनुपर्ने । | प्र.प्र.अ. | दरवन्दी अनुसार कर्मचारी छन् । पालिकाले आफैले कर्मचारी भर्ना गर्न जटिल छ । | |
| १८. | खलंगा बजारमा राखिएको सोलाबत्ति चल्न छोडेको धेरै भयो, कस्ले बनाउने होला ? | प्र.प्र.अ. | सम्वन्धीत निकायसँग समवन्वय गर्ने र पालिका आफैले सडक बत्ति विस्तार गर्ने । | |

**बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**

(गाँऊपालिकाबाट सेवा लिई फर्किएकाहरु सहभागी)

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १५ | ३५ | ३ | ८ | ४ | ८ | ५ | ९ | ३ | ९ | ० | १ | |



Scanned with CamScanner

## ७. नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) बाट :

**नागरीक प्रतिवेदन पत्र संकलनका क्रममा संकलन भएका सवाल तथा सुझावहरु :**

| क्र.सं. | सवालहरु | कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं. ४ पाण्डेडाँडामा खानेपानी समस्याको सम्वोधन हुन नसकेको । | गाउँपालिका | खानेपानी पालिकाकै समस्या छ । वृहत योजनाहरु कार्यान्वयनमा छन् क्रमश: समस्या समाधान गर्ने प्रतिवद्धता । | |
| २. | सञ्चार माध्यमबाट खानेपानी कसरी सुरक्षित पानी पिउने भन्ने बारे सचेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने । | गाउँपालिका | कार्यान्वयन गर्ने प्रतिवद्धता । | |
| ३. | बालबालिकाहरुको सिकाई उपलब्धी वृद्धिका लागि नीजि शिक्षकहरुलाई गाउपालिकाले अनुदान बढाउनुपर्ने । | गाउँपालिका | नेपाल सरकारको निर्णय अनुसार रु.२००० आगामी आ.व. देखि थप गर्ने । | |
| ४ | आधरभुत तहका माध्यमिक तहमा स्तरबृद्धि गर्नुपर्ने | गाउँपालिका | आवश्यकताका आधारमा क्रमश: कार्यान्वयन गर्ने । | |
| ५. | सिर्सेगैरा मुन्डाँडा हुँदै चुँजाठाँटी मोटरबाटोको साईमा पर्ने विद्यालयमा ६ कोठे भवन सरक्षणका लागि आरसिसि ढलान गर्नुपर्ने । | गाउँपालिका | सडक विस्तारका क्रममा ध्यान दिने । | |
| ६. | विद्यालयहरुमा बैकल्पिक ऊर्जाको व्यवस्था गर्नुपर्ने । | गाउँपालिका | क्रमश: कार्यान्वयनमा लैजाने । | |
| ७. | गाउँपालिकाले आफ्नै प्रशासकीय भवन निर्माण गर्नुपर्ने । | गाउँपालिका | तयारी भैरहेको छ । जग्गा प्राप्तीको प्रयास भैरहेको । | |
| ८. | सेवाप्रवाहमा सहजता ल्याउन सहायता कक्ष स्थापना गर्नुपर्ने | गाउँपालिका | संचालन गर्ने प्रतिवद्धता । | |
| ९. | पालिकाको आन्तरिक आय व्यय सार्वजनिक गर्नुपर्ने । | गाउँपालिका | स्वत: जारी गर्नुपर्ने सूचना अनुसार जारी गर्ने प्रतिवद्धता । | |
| १०. | विकास योजना निर्माणमा सरोकारवाला वीच छलफल/अन्तरक्रिया गर्नुपर्ने | गाउँपालिका | सुझावलाई कार्यान्वयन गर्ने प्रतिवद्धता । | |
| ११. | अनुदान सहयोग कार्यक्रम पटक पटक एउटै व्यक्ति दोहोरिने गरेको । | गाउँपालिका | वडा स्तरबाटै छानविन गर्ने । सुधार गर्ने प्रतिवद्धता । | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १२. | चुंजाठाँटी स्वास्थ्य चौकीबाट ल्याव र एम्बुलेन्स सेवा संचालन हुनुपर्ने । | गाउँपालिका | ल्यावसँग चिकित्सक पनि आवश्यक पर्ने भएकाले तत्काल ल्याव संचालन गर्न नसकिने । पुर्वी प्यूठानलाई लक्षित गरि एम्बुलेन्स संचालन गर्ने प्रतिवद्धता । | |
| १३. | उपभोक्ता समिति गठन गर्दा सवै पक्षको आम भेला गर्नुपर्ने | गाउँपालिका | पछिल्लो दुई वर्ष हुन नसकेको । आमभेला गर्ने प्रतिवद्धता । | |
| १४. | पहुँचका आधारमा नभई आवश्यकताका आधारमा योजना बजेट निर्माण गर्नुपर्ने । | गाउँपालिका | कार्यान्वयन गर्ने प्रतिवद्धता । | |
| १५. | लक्षित वर्गका कार्यक्रम लक्षित वर्गसम्म पुग्न नसकेको । (सोलार वितरण) | गाउँपालिका | अधिकत प्रयास गरिएको र प्रयास जारी राख्ने । | |
| १६. | वडा पत्रमा २५० शुलक लेखेको भएपछि १००० तिर्नुपरेको । | गाउँपालिका | दावी निवेदन दिए फिर्ता गर्ने प्रतिवद्धता । | |
| १७. | टोल सुधार समिति बनाईयो तर वडा स्तरीय योजना तर्जुमामा समन्वय नभएको | गाउँपालिका | सुधार गर्ने प्रतिवद्धता । | |

**नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण (सार्वजनिक सुनुवाई संचालन हुने खलंगा सेवा क्षेत्र भित्रका सहभागीहरु)**

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १७ | ३३ | ६ | ५ | ४ | ११ | २ | ९ | ४ | ८ | १ | ० | |



Scanned with CamScanner

७. सार्वजनिक सुनुवाईमा उठेका प्रश्न/जिज्ञासा र उत्तर (मुख्य-मुख्य) :

| क्र.सं. | प्रश्नकर्ता गुनसो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|---|
| १. | राम बहादुर थापा | - सडक लाई सुधार गर्नुपर्ने<br>- राजनीतिक दलसँगको सहकार्यलाई बढाउनुपर्ने । | अमरध्वज राना, अध्यक्ष | - सडकलाई दिगोपना दिने तर्फ ध्यान दिने प्रतिवद्धता ।<br>- सरोकारवालाहरु वीचको समन्वयलाई बढाउने प्रतिवद्धता । |
| २. | बुद्धबहादुर जि.सी. | - झिमरुक लिफ्ट खानेपानीलाई छिटो संचालन गर्नुपर्ने ।<br>- कृषि अनुदान कार्यक्रम प्रभावकारी हुन नसकेको ।<br>- बाटो मर्मत कार्य समयमै हुन नसकेको । | अमरध्वज राना, अध्यक्ष | - क्रमागत योजना भएकाले आगामी वर्ष संचालनमा आउने ।<br>- अधिकतम प्रभावकारी बनाउने प्रयास भैरहेको । कृषिमा भन्दा पशुपालनमा उपलब्धीमुलक बन्न थालेको । सुधार गर्ने प्रतिवद्धता ।<br>- कोटेशन मार्फत सडक मर्मतको जिम्मा दिने गरिएको । समयमै काम गर्न पहल गर्ने प्रतिवद्धता । |
| ३. | पदम थापा | - संघीय बजेट खर्च न्यून देखिएको ।<br>- लक्षित वर्गका कार्यक्रम खर्च हुन नसकेको ।<br>- सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिनुपर्ने । | अमरध्वज राना, अध्यक्ष | - ठेक्का प्रणालीका कारण समयै खर्च हुन नसकेको । कहिलेकाँही ढिलो गरी बजेट प्राप्त हुँदा खर्च हुन नसकेको ।<br>- यस वर्ष लक्षित वर्गका कार्यक्रम प्रभावकारी हुन नसकेको । आगामी वर्ष सुधार गर्ने प्रतिवद्धता ।<br>- प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने प्रतिवद्धता । |

प्रतिवेदन दिइएको मिति : २०७८ असार ३१ गते

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत :



Scanned with CamScanner

# प्यूठानमा दुई वटा गाउँपालिकाले गरे सार्वजनिक सुनुवाई

प्यूठान समाचार सम्वाददाता ३० असार २०७८, बुधबार १७:०३ राष्ट्रिय, समाज 0

**प्यूठान, ३० असार ।** प्यूठानका दुई वटा स्थानीय तहले तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई गरेका छन् । आर्थिक वर्ष २०७७/२०७८ को तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई मल्लरानी गाउँपालिका र झिमरुक गाउँपालिकाले गरेका हुन् ।

बुधबार जिल्ला समन्वय समितिको सभाहलमा भएको मल्लरानी गाउँपालिकाको सार्वजनिक सुनुवाईमा उठेका सवालको जवाफ गाउँपालिका अध्यक्ष अमरध्वज राना र प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण थापाले दिनुभएको हो । बर्हिगमन अभिमत पत्र र नागरिक प्रतिवेदन पत्र मार्फत प्राप्त विभिन्न विषयमा प्रश्न, जिज्ञासा र सुझाव प्राप्त भएको थियो ।


कार्यक्रममा जिल्ला समन्वय समिति प्यूठानका उप प्रमुख पदम बहादुर थापाले योजना निर्माणसँगै सही कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको बजेट समयमै र सही कार्यान्वयन गर्न सकेमा विकास निर्माण प्रभावकारी हुने बताउनुभयो ।

कार्यक्रममा राजनीतिक दलका तर्फबाट नेकपा एमालेका बुद्ध बहादुर जिसी, नेपाली कांग्रेसका राम बहादुर थापाले गाउँपालिकालाई सुदृढ बनाउन सरोकारवाला निकायसँग समन्वय र सहकार्यमा जोड दिनुपर्ने बताउनुभयो ।
कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण थापाले गाउँपालिकाले वार्षिक रुपमा गरेका कार्यक्रमहरुको प्रस्तुतीकरण समेत गर्नुभएको थियो । कार्यक्रममा युथ मिडिया डेभलप्मेन्ट सेन्टर नेपालका अध्यक्ष विजयसिंह भारतीले सार्वजनिक सुनुवाईको पूर्व प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । गाउँपालिका अध्यक्ष अमरध्वज रानाको अध्यक्षता, उपाध्यक्ष सरिता जिसीको स्वागत मन्तव्य रहेको थियो । कार्यक्रमको सञ्चालन पत्रकार सुजल श्रेष्ठले गर्नुभएको थियो ।

***यसैबीच,*** झिमरुक गाउँपालिकाले बुधबार सार्वजनिक सुनुवाई गरेको छ । गाउँपालिका अध्यक्ष तिलक बहादुर जिसीको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका प्रवक्ता टिका बहादुर जिसीको स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद भुसालले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । रेडियो माण्डवीको समन्वयमा भएको कार्यक्रमको सञ्चालन पत्रकार महासंघ प्यूठानका कोषाध्यक्ष प्रज्वल पहाडीले गर्नुभएको थियो ।

Scanned with CamScanner





युवा मिडिया डेभलपमेन्ट सेन्टर
स्था.: २०६७
खलंगा, प्यूठान

Scanned with CamScanner







सिद्धिया डेभलपमेन्ट सेन्टर
स्था.: २०५७
खलंगा, प्युठान

Scanned with CamScanner